नेपाल सरकार

सङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय

# स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP)

## कार्यक्रम समन्वय इकाई

प. सं:- ७५/७६

च. नं- १५८

सिंहदरबार, काठमाडौं

मिति २०७५।०६।११

श्री स्थानीय तह, (सबै)

विषयः **सूचना प्रविधि अधिकृतको तलब भत्ता सम्बन्धमा ।**

सबै स्थानीय तहहरूलाई सूचना प्रविधि मैत्री बनाउने लक्ष अनुरुप यस कार्यक्रमबाट आ.व. २०७४/७५ देखि नै स्थानीय तहमा सूचना प्रविधि अधिकृतको सेवा करार गर्ने गरी आवश्यक बजेट उपलब्ध गराइएको र तहाँ कार्यरत सूचना प्रविधि अधिकृतको प्राविधिक क्षमताको दिगो तथा उच्चतम उपयोग गर्न नेपाल सरकार सचिवस्तरको मिति २०७५/०३/२४ को निर्णयानुसार मिति २०७५/०३/२४ च.नं. ४७७ को पत्रबाट चालु आ.व. २०७५/७६ का लागि सूचना प्रविधि अधिकृतको सेवा करार गर्दा सम्बन्धित गाउँपालिका तथा नगरपालिकाहरुले २५ प्रतिशत रकम लागत साझेदारी गर्न अनुरोध गरिएको व्यहोरा विदितै छ।

यसै सन्दर्भमा, सूचना प्रविधि अधिकृतले पाउने पारिश्रमिक लगायतको सेवा सुविधाको सम्बन्धमा, मिति २०७५/०६/१० को सचिव स्तरीय निर्णय अनुसार निजहरुको मासिक पारिश्रमिक नेपाल सरकारको रा. प. तृतीय श्रेणीको अधिकृत स्तरको तलब स्केल बमोजिम (मासिक रु. ३०,५००/-, चाडपर्व खर्च बापत रु. ३०,५००/-, पोशाक भत्ता बापत रु. १०,००० र दुर्गम भत्ता बापत स्थानीय तहको वर्गको आधारमा प्रति महिना क्रमशः "क" वर्गमा कार्यरतलाई रु. ७०००/-, "ख" वर्गमा कार्यरतलाई रु. ५०००/-, "ग" वर्गमा कार्यरतलाई रु. २५००/-) कायम गरिएकोले निजलाई भुक्तानी हुने मासीक पारिश्रमिक, चाडपर्व खर्च, पोशाक भत्ता र दुर्गम भत्ता बापतको रकमको ७५ प्रतिशत रकम यस कार्यक्रमबाट उपलब्ध गराइने र २५ प्रतिशत रकम अनिवार्य रुपमा सम्बन्धित स्थानीय तहबाट व्यवस्था गर्नुहुन अनुरोध छ।

साथै, निजहरूको तलब भत्ता बापत उपलब्ध गराउने ७५ प्रतिशत रकम LMBIS मा प्रविष्टिको प्रक्रियामा रहेको छ। तसर्थ, यस कार्यक्रमबाट उक्त रकम प्राप्त भएपछि सोधभर्ना हुने गरी तत्कालका लागि तहाँ कार्यालयको कुनै मिल्दोजुल्दो खर्च शिर्षकबाट तलब भत्ता बापतको रकम उपलब्ध गराउने व्यवस्था मिलाउन हुन समेत अनुरोध छ।

७५।६।११

(भक्तिराज खनाल)

प्रशासकीय अधिकृत

**बोधार्थः**

- श्री प्रादेशिक सहयोग इकाई, LGCDP- (सबै)

फोनः ४२५७३८९, ४२५७३६३, ४२५७५९६, फ्याक्स नं.: ९७७-०१-४२५६२४८, वेब साईटः www.lgcdp.gov.np